हेटौंडा उपमहानगरपालिका

# हेटौंडा राजपत्र

खण्डः ५ सङ्ख्याः २ अतिरिक्ताङ्क मितिः २०७८।११।०२

## भाग- २

## हेटौंडा उपमहानगरपालिका

## स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७८

प्रस्तावनाः

नेपालको संविधानको अनुसूची -८ मा स्थानीय वस्तु तथा सेवा बजारको व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई एकल अधिकारको रूपमा व्यवस्था गरिएकोले स्थानीय बजार व्यवस्थापन गरी स्वच्छ बजार को माध्यमबाट गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको मौलिक हकलाई स्थानीय तहमा संरक्षण तथा सम्बर्द्धन गर्न बजार व्यवस्थापन तथा अनुगमन र उपभोक्ता हित संरक्षण तथा सम्बर्द्धन सम्बन्धी कानूनी व्यवस्था गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी हेटौंडा उपमहानगरपालिका नगर सभाले यो ऐन जारी गरेको छ।

हेटौंडा राजपत्र

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** क) यस ऐनको नाम हेटौंडा उपमहानगरपालिका स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७८ रहनेछ ।

ख) यो ऐन हेटौंडा उपमहानगरपालिकाको नगर सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

क) “अनुचित व्यापारिक क्रियाकलाप” भन्नाले यस ऐन को दफा १० बमोजिमका क्रियाकलाप सम्झनु पर्दछ ।

ख) “उपमहानगरपालिका” भन्नाले हेटौंडा उपमहानगरपालिकालाई सम्झनु पर्दछ ।

ग) “उपभोक्ता” भन्नाले कुनै पनि वस्तु वा सेवा उपभोग वा प्रयोग गर्ने व्यक्ति वा संस्था सम्झनु पर्दछ ।

घ) “उपभोक्ता संस्था” भन्नाले उपभोक्ता हित संरक्षण तथा सम्बर्द्धनको उद्देश्यले प्रचलित कानून बमोजिम स्थापना भएको संस्था वा त्यस्तो संस्थाको स्थानीय तहको नगर स्तरीय शाखा समेतलाई सम्झनु पर्दछ ।

ङ) “कार्यपालिका” भन्नाले हेटौंडा उपमहानगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

च) “गुणस्तरहीन वस्तु” भन्नाले यस ऐनको दफा १९ बमोजिमको अवस्था भएको वा रहेको उपभोग्य वस्तु सम्झनु पर्दछ।

छ) “गुणस्तरहीन सेवा” भन्नाले कुनै सेवाको गुणस्तर तोकिए वा दाबी गरिएकोमा त्यस अनुरुप नभएको भन्ने सम्झनु पर्दछ।

ज) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन बमोजिमको नियम, कार्यविधि, निर्देशिका तथा कार्यपालिकाको निर्णयबाट वा प्रचलित नेपाल सरकारको कानूनद्वारा तोकिए बमोजिम सम्झनु पर्दछ ।

झ) “निरीक्षण अधिकृत” भन्नाले यस ऐनको दफा २५ बमोजिम नियुक्त निरीक्षण अधिकृत सम्झनु पर्दछ ।

ञ) “वस्तु” भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तुको समिश्रणबाट बनेको पदार्थ सम्झनु पर्दछ र सो शब्दले उपभोग्य वस्तुको निर्माणमा प्रयोग हुने कच्चा पदार्थ, रङ्ग, सुगन्ध वा रसायनलाई समेत सम्झनु पर्दछ।

ट) “बजार अनुगमन टोली” भन्नाले हेटौंडा उपमहानगरपालिकाकाबाट यस ऐनको दफा २३ बमोजिम गठन गरेको बजार अनुगमन टोली सम्झनु पर्दछ ।

ठ) “प्रदायक” भन्नाले मूल्य वा दस्तुर वा पारिश्रमिक लिई वा नलिई सबै प्रकारका वस्तु वा सेवाको विक्रि वितरण गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्दछ ।

ड) “लेबल” भन्नाले उपभोग्य वस्तु राखिएको भाँडो वा त्यस्तो उपभोग्य वस्तु वा उपभोग्य वस्तुमा लेखिएको, छापिएको, लिथो गरिएको, चिन्ह लगाइएको, इम्बोर्स गरिएको, समावेश गरिएको वा अन्य कुनै किसिमले देखाइएको ट्याग, चिन्ह, तस्बिर वा अन्य विवरणात्मक वस्तु सम्झनु पर्दछ ।

ढ) "समिति" भन्नाले यस ऐनको दफा २१ बमोजिम गठित बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिलाई सम्झनु पर्दछ।

ण) "सेवा" भन्नाले विद्युत, खानेपानी, टेलिफोन, सूचना प्रविधि, सञ्चार, ढलनिकास, वितरण, शिक्षा, वातावरणीय, बैंक तथा वित्तीय संस्था, स्वास्थ्य र सामाजिक सेवा, पर्यटन, मनोरञ्जन तथा खेलकुद, निर्माण ढुवानी तथा इन्जिनियरिङ , यातायात, चिकित्सा लगायतका दस्तुर वा पारिश्रमिक लिई वा नलिई प्रदान गरिने सम्पूर्ण सेवाहरुलाई सम्झनु पर्दछ ।

त) "स्थानीय बजार" भन्नाले हेटौंडा उपमहानगरपालिका क्षेत्र भित्रको वस्तु वा सेवाको बजार सम्झनु पर्दछ ।

थ) "स्थानीय प्रशासन" भन्नाले जिल्ला प्रशासन कार्यालय, मकवानपुरलाई सम्झनु पर्दछ ।

## परिच्छेद–२

## स्थानीय बजार व्यवस्थापन सम्बन्धी व्यवस्था

३. **हेटौंडा उपमहानगरपालिकाले बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण सम्वन्धी गर्ने कार्यहरुः** १) हेटौंडा उपमहानगरपालिकाले स्थानीय बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण सम्बन्धित देहायका कार्यहरु गर्नेछः

क) स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन सम्बन्धी नीति, कानुन, मापदण्डहरु, तर्जुमा गरी कार्यान्वयन र नियमन गर्ने,

ख) बजार तथा हाटबजार सञ्चालन र व्यवस्थापन गर्ने,

ग) स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी, प्रक्षेपण, मूल्य निर्धारण र अनुगमनको काम गर्ने,

घ) स्थानीय व्यापार तथा वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण गर्ने,

ङ) स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन गर्ने,

च) स्थानीय स्तरका व्यापारिक फर्म दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन गर्ने,

छ) स्थानीय व्यापारको तथ्यांक प्रणाली र अध्ययन अनुसन्धान गर्ने,

ज) निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने,

झ) स्थानीय व्यापार प्रवर्द्धन, सहजीकरण र नियमन गर्ने,

ञ) स्थानीय सार्वजनिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखीकरण गर्ने,

ट) उपभोक्ता सचेतना अभिवृद्धि, उपभोक्ता जागरण तथा सशक्तिकरण, उपभोक्ताको गुनासो व्यवस्थापन, जागरुक उपभोक्ता तथा नैतिकवान विक्रेतालाई प्रोत्साहन गर्ने,

ठ) स्थानीयस्तरमा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचबिखन र वातावरणीय प्रदूषण र हानिकारक पदार्थहरूको नियन्त्रण अनुगमन तथा नियमन गर्ने,

ड) वस्तु र सेवा बजारको व्यवस्थापन तथा स्थानीय बजारको सुपरिवेक्षण एवम् अनुगमन गर्ने,

ढ) स्थानीय बजार व्यवस्थापन सम्बन्धी तोकिए बमोजिमको अन्य कार्य गर्ने,

नेपाल राजपत्र

ण) हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र उत्पादन हुने तथा विक्रि वितरणका लागि राखिएका दैनिक उपभोग्य वस्तुहरुको गुणस्तर परीक्षण गर्न प्रयोगशाला संचालन गर्ने।

२) उपदफा (१) बमोजिमका कार्यहरु सम्पन्न गर्न हेटौंडा उपमहानगरपालिकाले सम्बन्धित सरोकारवालाहरूसँग समन्वय, सहकार्य र साझेदारीमा आवश्यक कार्ययोजना सहित बजेट व्यवस्थापन र कार्यक्रम संचालन गर्नेछ ।

## परिच्छेद–३
## उपभोक्ताको अधिकार तथा बजारसँग सम्बद्ध पक्षको दायित्व

४. **उपभोक्ता अधिकारको संरक्षण र सम्बर्द्धन सम्बन्धी व्यवस्थाः** १) उपभोक्ताको अधिकार संरक्षण गर्न हेटौंडा उपमहानगरपालिकाले आवश्यक नीतिगत तथा संस्थागत व्यवस्था गर्नेछ ।

२) हेटौंडा उपमहानगरपालिकाले उपभोक्ता हित संरक्षणको लागि वस्तु र सेवाको आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, लेवल, विज्ञापन आदिको नियमित बजार सुपरिवेक्षण तथा अनुगमन सम्वन्धी व्यवस्था गर्नेछ ।

३) हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र उपभोक्ता सचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

५. **वस्तु वा सेवा बजारसँग सम्बद्ध पक्षको दायित्वः** हेटौंडा उपमहानगरपालिका क्षेत्र भित्र वस्तु वा सेवा प्रदान गर्ने प्रत्येक उत्पादक, आयातकर्ता, ढुवानीकर्ता, संचयकर्ता, विक्रेता र सेवा प्रदायकले यस ऐन तथा प्रचलित कानून बमोजिमको दायित्व पूरा गर्नुपर्नेछ ।

## परिच्छेद–४
## दर्ता, अनुमति, सिफारिस, नवीकरण र खारेजी सम्बन्धी व्यवस्था

६. **व्यवसाय दर्ता तथा स्वीकृति सम्बन्धी व्यवस्थाः** १) हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र विक्रिवितरण गर्ने उद्देश्यले स्थापित वस्तु वा सेवाका उत्पादक, आयातकर्ता, ढुवानीकर्ता, संचयकर्ता, संकलनकर्ता लगायतका प्रदायक वा बिक्रेताले आफ्नो व्यवसाय सञ्चालन गर्दा सम्बन्धित वडाको सिफारिसमा हेटौंडा उपमहानगरपालिकामा दर्ता वा अनुमति लिएर मात्र कारोबार सञ्चालन गर्नुपर्नेछ ।

२) हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र कुनै वस्तु वा सेवा व्यवसाय गर्ने उद्देश्यले स्थापित हाटबजार, होमस्टे, महोत्सव, मेला वा पर्यटनसँग सम्बन्धित र्‍याफटिङ्ग, क्यानोनिङ, प्याराग्लाइडिङ र ड्रोन लगायतका व्यवसाय कारोबार सञ्चालन गर्दा उपमहानगरपालिकामा दर्ता वा अनुमति लिई कारोबार संचालन गर्नु पर्नेछ ।

३) प्रदायक वा बिक्रेताले आफूले सञ्चालन गर्ने कारोबारको प्रचलित संघ र प्रदेश कानून बमोजिम दर्ता स्वीकृति लिनुपर्ने भए लिएको प्रमाणसमेत आवेदनका साथ पेश गर्नु पर्नेछ ।

४) उपदफा (१) र (२) बमोजिम पेश भएको दर्ता वा अनुमतिको आवेदन उपर उपमहानगरपालिकाले छानबिन गरी दर्ता वा स्वीकृत गर्न मिल्ने भए दर्ता वा अनुमति प्रमाणपत्र उपलब्ध गराउनेछ।दर्ता वा अनुमति गर्न

हेटौंडा राजपत्र

नमिल्ने भए सोको स्पष्ट कारण सहित आवेदन दर्ता भएका मितिले सात दिनभित्र आवेदकलाई जानकारी गराउनुपर्नेछ ।

५) कुनै वस्तु वा सेवाको प्रदायक वा बिक्रेताका हकमा दर्ता वा अनुमति प्रदान गर्नु अघि कुनै निश्चित शर्त पालना गर्नुपर्ने वा तालिम वा अभिमुखीकरण लिनुपर्ने गरी कार्यपालिकाले दर्ता वा अनुमति सम्बन्धी कार्यविधि निर्धारण गर्न सक्नेछ ।

६) हेटौंडा उपमहानगरपालिका भित्र कुनै उद्योग वा वस्तु वा सेवा प्रदान गर्ने उद्देश्यले कसैले प्रचलित कानुनबमोजिम कुनै फर्म, कम्पनी, एजेन्सी, संस्था दर्ता गर्न चाहेमा उपमहानगरपालिकाले दर्ता वा आवश्यक सिफारिस गर्न सक्नेछ ।

७) दर्ता अनुमति तथा सिफारिस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. **दर्ता नवीकरण गर्नुपर्नेः** दफा (६) बमोजिमका हेटौंडा उपमहानगरपालिकामा दर्ता गरिएका उद्योग, फर्म, पसल कारोबार, व्यवसाय, हाटबजार, मेला, महोत्सव, पर्यटन जस्ता प्रदायकले प्रत्येक वर्ष असोज मसान्तभित्र तोकिए बमोजिम लाग्ने शूल्क वा दस्तुर बुझाई नवीकरण गर्नुपर्नेछ ।

८. **दर्ता तथा अनुमति खारेजी सम्बन्धी व्यवस्थाः** १) हेटौंडा उपमहानगरपालिकामा दर्ता भएका वा अनुमति लिएका व्यवसायको देहाएको अवस्थामा समितिको सिफारिसमा उपमहानगरपालिकाले खारेज गर्न सक्नेछः

क) लगातार तीन वर्षसम्म नवीकरण नगरेमा,

ख) उद्देश्य विपरित काम गरेमा,

ग) यस ऐन तथा ऐन अन्तर्गतको नियमको कम्तिमा तीन पटक उल्लंघन गरेमा,

घ) स्वीकृति बेगर तोकिएको स्थानभन्दा अन्यत्र सेवा सञ्चालन गरेमा,

ङ) आफूले उत्सर्जन गरेको फोहर वा अन्य पदार्थको उचित व्यवस्थापन नगरेमा वा वातावरणमा हानीनोक्सानी पुऱ्याउने,

च) अनुचित व्यापारिक क्रियाकलाप गरेमा,

छ) तोकिएका अन्य कुराहरु।

२) दर्ता वा अनुमति खारेजी गर्नु अघि सुनुवाईको मौका प्रदान गरिनेछ ।

३) उपदफा (१) बमोजिमको खारेजीको निर्णय उपर सम्बन्धितले २१ दिनभित्र प्रमुख समक्ष पुनरावेदन गर्न सक्नेछ ।

४) दफा (३) बमोजिम प्रमुखले गरेको निर्णय अन्तिम हुनेछ ।

५) दर्ता वा अनुमतिको खारेजी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. **प्रदायकले उद्योग, फर्म, पसल, व्यवसाय सञ्चालन गर्दा मापदण्ड पालना गर्नुपर्नेः** १) प्रचलित कानूनले तोकेको गुणस्तर वा मापदण्डभित्र रही उद्योग, फर्म, व्यवसाय, कारोबार, सेवा प्रदान स्थलको पूर्वाधार तयार गरी प्रदायकले व्यवसाय संचालन गर्नु पर्नेछ।

हेटौंडा राजपत्र

२) उपदफा (१) बमोजिम गुणस्तर वा मापदण्ड नतोकिएको हकमा उपमहानगरपालिकाले तोकेको मापदण्ड वा शर्त पालना गर्नुपर्नेछ।

## परिच्छेद ५

## अनुचित व्यापारिक क्रियाकलाप र बजार व्यवस्थापन सम्बन्धी व्यवस्था

**१०. अनुचित व्यापारिक क्रियाकलाप गर्न नहुनेः** कसैले पनि उपमहानगरपालिका क्षेत्रभित्र देहाय बमोजिमको अनुचित व्यापारिक क्रियाकलाप गर्न वा गराउन पाइने छैनः

१) उपभोग्य वस्तु वा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य, नाप, तौल, ढाँचा वा बनावट आदि ढाँटि, लुकाई, छिपाई वा झुक्याई त्यस्तो वस्तु वा सेवा विक्रि वा प्रदान गर्न,

२) झुट्टा वा भ्रमपूर्ण विज्ञापन गर्ने वा भ्रमपूर्ण विज्ञापन गरी वस्तु वा सेवा विक्रि गर्ने वा गराउने,

३) उपभोग्य वस्तु वा सेवाको हकमा मौखिक, लिखित वा दृश्यबाट देहायका कुनै काम गर्नेः

क) कमसल बस्तुलाई विशिष्ट वा गुणस्तर भएको स्तरमान, गुणस्तर, मात्रा, श्रेणी, संरचना डिजाईन देखाई विक्रि गर्ने,

ख) पुनःनिर्मित वा पुराना वस्तुलाई नयाँ हो भनी देखाई वा झुक्याई विक्रि गर्ने,

ग) घोषित गरिएका कुनै फाइदा नहुने अवस्थामा पनि वस्तु वा सेवा विक्रि गर्दा झुट्टा र भ्रमपूर्ण रुपमा विज्ञापन वा सूचना प्रसार गर्ने,

घ) उपभोग्य वस्तुको उपभोगबाट उपभोक्ताको कुनै रोग निको हुने भन्ने तथ्यगत आधार बिना नै त्यस्तो वस्तुको दावी गरी विक्रि गर्ने,

४) कुनै उपभोग्य वस्तु वा सेवाको वास्तविक लागतको आधार भन्दा फरक आधारमा उपभोक्ता मूल्यमा भार पर्ने गरी मूल्य निर्धारण गरेमा वा कुनै प्रतियोगिता, चिट्ठा, अवसर आदिको लागत समेत समावेश गरी मूल्य तय गर्ने वा त्यस्तो मूल्यमा विक्रि गर्ने,

५) कुनै उपभोग्य वस्तु वा सेवा को मूल्यमा दान, इनाम वा निःशुल्क पाइने अन्य वस्तुको मूल्य वा लागत समावेश गरी मूल्य निर्धारण गर्ने वा त्यस्तो मूल्यमा त्यस्तो वस्तु वा सेवा विक्रि गर्ने,

६) कुनै उपभोग्य वस्तु वा सेवामा तोकिएको गुणस्तर वा मानक भन्दा घटी\बढी हुनेगरी त्यस्तो वस्तु वा सेवा उपभोगबाट उपभोक्तालाई हानी नोक्सानी पुर्‍याउने गरी त्यस्तो वस्तु उत्पादन, मिश्रण, आपूर्ति, ओसारपसार, सञ्चय वा विक्रि गर्ने,

७) कुनै उपभोग्य वस्तुको अनुचित सञ्चय वा कृत्रिम अभाव हुने गरी मूल्य बढाउने, जम्माखोरी गर्ने,

८) त्रुटिपूर्ण उत्पादनबाट नष्ट भएको वस्तुको मूल्य वा व्यापारिक कारोबारको सिलसिलामा करार भएको वस्तुको मूल्यसमेत अन्य वस्तुको लागत मूल्यमा समावेश गरी विक्रि गर्ने,

९) सक्कली वस्तुलाई विस्थापित गर्न नक्कली वस्तु उत्पादन गर्ने वा त्यस्तो उत्पादनको विक्रि गर्ने,

१०) विक्रि गरेको वस्तु वा सेवाको विल बिजक जारी गर्न इन्कार गर्ने वा बिल विजक जारी नगर्ने,

नेपाल राजपत्र

११) कुनै उपभोग्य वस्तु उपभोग गर्दा उपभोक्तालाई हानी, नोक्सानी वा क्षति पुग्ने गरी विषादी वा कुनै रसायनको प्रयोग गर्ने वा त्यसरी प्रयोग भएको वस्तु विक्रि गर्ने,

१२) उपभोग्य वस्तु उपभोग गरिसक्नुपर्ने अवधि व्यतित भइसकेको वस्तु वा उपभोग गर्न नमिल्ने वस्तुमा नयाँ लेबल लगाई त्यस्तो वस्तु विक्रि गर्ने,

१३) उपभोग गर्न नसकिने गुणस्तरहीन वस्तु पैठारी, उत्पादन वा विक्रि गर्ने,

१४) उत्पादक, आपूर्तिकर्ता, ढुवानीकर्ता, संचयकर्ता, विक्रेता वा त्यस्ता व्यक्ति र अन्य व्यक्ति, संघसंस्थाको मिलोमतो बाट लागेको लागत र तोकिएभन्दा बढी मूल्य निर्धारण गर्ने वा विक्रि गर्ने,

१५) कुनै उपभोग्य वस्तु वा सेवा विक्रि गर्दा तोकिएको व्यापारिक तह भन्दा बढी तह वा श्रृंखला खडा गरी विक्रि वा प्रदान गर्ने,

१६) कुनै उपभोग्य वस्तु वा सेवा विक्रि वा प्रदान गर्न कुनै संरचना, मानक वा मापदण्ड तोकिएकोमा त्यस्तो संरचना, मानक वा मापदण्ड पूरा नगरी विक्रि गर्ने।

**११. बजारको तह निर्धारण सम्बन्धी व्यवस्थाः** १) उपहानगरपालिकाले उपभोक्ता हक हित संरक्षण गर्न बजारको नियम बमोजिम बजार व्यवस्थापन गर्न बजारलाई स्वच्छ, सुलभ तथा पारदर्शी बनाउन तोकिएको कुनै पनि वस्तु र सेवाको लागि बजारमा प्रदायकको तोकिए बमोजिम तह निर्धारण गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम तोकिएभन्दा बढी तह कायम हुने गरी कसैले पनि वस्तु वा सेवा विक्रि वितरण गर्न पाइनेछैन।

**१२. आपूर्ति व्यवस्थापनः** १) उपमहानगरपालिका क्षेत्रमा आवश्यक वस्तु वा सेवाको बजार मागअनुसार आपूर्ति व्यवस्थापन सम्बन्धित वस्तु वा सेवाको प्रदायक वा विक्रेताले गर्नुपर्नेछ ।

२) समितिले वस्तु वा सेवाको बजारमा मागअनुसार उत्पादन, आयात, मौज्दात तथा भण्डारण अवस्थाका सम्बन्धमा नियमित विश्लेषण गरी सो को आधारमा सम्बन्धित प्रदायक वा बिक्रेतालाई आपूर्तिका लागि आवश्यक व्यवस्थापन गर्नेछ।

३) उपमहानगरपालिका आफैंले वा सार्वजनिक निजी साझेदारी वा सहकारी वा अन्य कुनै व्यवस्थापनबाट उपमहानगरपालिका भित्र वस्तु र सेवा आपूर्ति व्यवस्थापन गर्न सक्नेछ ।

४) उपमहानगरपालिका वा समितिले मागेको वस्तु र सेवाको मौज्दात वा सञ्चय लगायतका विवरण तोकिएको समय भित्र सम्बन्धित प्रदायक वा बिक्रेताले दिनुपर्नेछ ।

५) अत्यावश्यक वस्तु वा सेवा आपूर्ति व्यवस्थालाई असहज बनाउने उद्देश्यले कसैले पनि कृत्रिम अभाव, जम्माखोरी, कृत्रिम मूल्यवृद्धि र नाफाखोरी जस्ता कार्य गर्न गराउनु हुँदैन ।

६) विपद वा अन्य कुनै कारणले बजारमा दैनिक उपभोग्य अत्यावश्यक वस्तु वा सेवाको आपूर्ति व्यवस्थामा गम्भीर संकट वा विचलनको अवस्था आएमा उपमहानगरपालिकाले त्यस्तो वस्तु वा सेवाको बजारलाई

नेपाल राजपत्र

व्यवस्थापन, नियन्त्रण गरी सहज आपूर्तिको व्यवस्था नभएसम्मको लागि कुनै निजी सार्वजनिक संस्था वा सहकारी मार्फत त्यस्तो वस्तु वा सेवाको विक्रि वितरण व्यवस्था गराउन सक्नेछ ।

(७) आपूर्ति व्यवस्था सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१३. वस्तु र सेवाको विक्रि स्थल सम्बन्धी व्यवस्थाः** १) उपमहानगरपालिका क्षेत्रभित्र वस्तु वा सेवा व्यापार व्यवसाय गर्दा दर्ता वा अनुमति प्राप्त गरेको स्थलमा बाहेक अन्यत्र सेवा सञ्चालन तथा वस्तुको विक्रि वितरण गर्न गराउन पाइने छैन ।

२) उपदफा (१) बमोजिम प्रदायकले तोकिएको स्थल बाहेक अन्यत्र वा निषेधित क्षेत्रमा कसैले पनि सेवा वा वस्तुको विक्रि वितरण गर्न पाइनेछैन।

३) वस्तु वा सेवा सञ्चालन वा विक्रि वितरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१४. सुपथ मूल्यको पसल स्थापना तथा संचालन गर्नेः** १) उपमहानगरपालिकाले दैनिक उपभोग्य वस्तुको सहज र सुपथ उपलब्धताका लागि सार्वजनिक सहकारी तथा निजी क्षेत्रसँगको सहकार्यमा सुपथ मूल्यका पसलको स्थापना तथा सञ्चालन गर्न गराउन सक्नेछ ।

२) सुपथ मूल्य पसलको मालवस्तुलाई कसैले पनि बढी मूल्यमा विक्रि गर्न गराउन पाइनेछैन ।

३) सुपथ मूल्य सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१५. स्थान र समय निर्धारण गर्न सक्नेः** १) उपमहानगरपालिकाले वस्तु वा सेवा प्रदायकको विक्रि वितरणका लागि कुनै निश्चित स्थान वा समय निर्धारण गर्न वा सो सम्बन्धी पूर्वाधार निर्माण गर्न सक्नेछ ।

२. उपदफा (१) बमोजिम स्थान समय निर्धारण वा पूर्वाधार निर्माण गर्दा एकीकृत बजार वा एकै प्रकारका फर्म, पसल, कम्पनी, उद्योग, व्यवसायलाई एकै ठाउँमा सञ्चालन गर्ने गरी दर्ता वा अनुमति प्रदान गरी व्यवस्थापन गर्न सक्नेछ ।

३. स्थान वा समय निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१६. वातावरण सफा र स्वच्छ राख्नु पर्नेः** १) उपमहानगरपालिका क्षेत्रमा कारोवार गर्ने वस्तु वा सेवाका प्रदायकले उपमहानगरपालिका क्षेत्रको सरसफाइ र स्वच्छतामा हानी नोक्सानी गर्ने कुनै पनि गतिविधि सञ्चालन गर्न पाइने छैन ।

२) कारोबार स्थल, सडक, बाटो, सफा राख्न तथा आफूले उत्सर्जन गरेको फोहरको उचित व्यवस्थापन गर्नु सम्बन्धित प्रदायकको कर्तव्य हुनेछ ।

## परिच्छेद ६

## अत्यावश्यक वस्तु र सेवाको सूची र मूल्य निर्धारण सम्बन्धी व्यवस्था

**१७) अत्यावस्यक वस्तु र सेवाको सूची र मूल्य निर्धारण सम्बन्धी व्यवस्थाः** १) उपमहानगरपालिकाले समय समयमा अत्यावश्यक वस्तु वा सेवाको सूची निर्धारण वा अधिकतम उपभोक्ता मूल्य निर्धारण गरी सार्वजनिक सूचना प्रकाशित गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम उपमहानगरपालिका भित्र तोकिएको अधिकतम मूल्य भन्दा बढी हुनेगरी कसैले पनि वस्तु वा सेवा विक्रि गर्न पाइने छैन ।

३) उपदफा (१) बमोजिमको अत्यावश्यक वस्तु वा सेवाको सूची र अधिकतम उपभोक्ता मूल्य सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१८. मूल्यसूची तथा दर्ता प्रमाणपत्र राख्नुपर्ने सम्बन्धी व्यवस्थाः** १) वस्तु वा सेवा प्रदायकले पसलमा रहेको प्रत्येक उपभोग्य वस्तुको कारखाना मूल्य तथा विक्रेताले विक्रि वितरण गर्ने प्रत्येक वस्तुको थोक वा खुद्रा मूल्य र सेवाप्रदायकले प्रदान गर्ने सेवा शूल्क स्पष्ट रुपमा उल्लेख गरी मूल्यसूची राख्नुपर्नेछ ।

२) उत्पादक, विक्रेता वा सेवा प्रदायकले खरिद विक्रि सम्बन्धी बिल, बिजक दुरुस्त राख्नु पर्नेछ।

३) वस्तु वा सेवाको बिल बिजक उपमहानगरपालिका अनुगमन टोली र निरीक्षण अधिकृतले मागेका बखत उपलब्ध गराउनुपर्नेछ।

४) वस्तु वा सेवाको विक्रि गर्दा उपभोक्तालाई अनिवार्य बिल दिनुपर्नेछ ।

## परिच्छेद ७
## गुणस्तर सम्बन्धी व्यवस्था

**१९. गुणस्तरहीन वस्तु र सेवा विक्रि वितरण गर्न नहुनेः** १) कसैले पनि उपमहानगरपालिका क्षेत्रभित्र गुणस्तरहीन वस्तु र सेवाको उत्पादन, पैठारी तथा विक्रिवितरण गर्नु हुँदैन। गुणस्तरहीन वस्तु वा सेवा भन्नाले देहायको अवस्था भएको वा रहेको उपभोग्य वस्तु वा सेवा सम्झनुपर्दछः

क) तोकिएको भन्दा कम गुणस्तर भएको वा त्यस्तो वस्तु मा हुनुपर्ने आवश्यक तत्व वा पदार्थको परिमाण घटाइएको वा अर्को कुनै पदार्थको मिसावट गरिएको,

ख) मानव स्वास्थ्यलाई हानी हुने गरी सडेगलेको, फोहर मैला, बिषादी मिश्रण गरी तयार गरिएको, स्वास्थ्यलाई हानी हुने कुनै रसायन, रङ वा सुगन्ध प्रयोग गरिएको,

ग) उपभोग्य वस्तुको केही वा सबै भाग रोगी पशुपन्छी वा हानिकारक वनस्पतिबाट बनाइएको,

घ) तोकिएको मापदण्ड पूरा नगरी उत्पादन, ढुवानी, सञ्चय, भण्डारण वा विक्रि गरिएको,

ङ) उपभोग्य वस्तुको गुणस्तर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा उत्पादक, पैठारीकर्ता वा विक्रेताले तोके बमोजिमको गुणस्तर नभएको।

**२०. लेबल सम्बन्धी व्यवस्थाः** १) उपमहानगरपालिका भित्र प्रचलित कानून बमोजिम लेबल भएको वस्तु मात्र उत्पादन, पैठारी ढुवानी, भण्डारण तथा विक्रिको लागि राख्नुपर्नेछ।

२) गुणस्तरहीन वस्तु वा म्याद गुज्रेका वस्तु फिर्ता गर्ने, नष्ट गर्ने, समेतका दायित्व सम्बन्धित प्रदायकको हुनेछ ।

३) लेबल विवरणमा अंग्रेजी वा नेपाली भाषा र अन्य विवरणहरु प्रष्ट बुझिने गरी उल्लेख गर्नु पर्ने छ ।

## परिच्छेद ८

## समिति र बजार अनुगमन टोलीको गठन तथा काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

२१. **बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिः** १) यस ऐन कार्यान्वयन गर्न हेटौंडा उपमहानगरपालिका क्षेत्र भित्र बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिको गठन देहाय बमोजिमको हुनेछः

क) उपमहानगरपालिका उपप्रमुख – संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

ग) जिल्ला प्रशासन कार्यालय मकावनपुरको प्रतिनिधि – सदस्य

घ) मकवानपुर उद्योग वाणिज्य संघको अध्यक्ष वा प्रतिनिधि – सदस्य

ङ) समितिले मनोनयन गरेको नगरमा क्रियाशील उपभोक्ता हित संरक्षणसँग सम्बन्धित संस्था मध्येबाट एकजना महिला सहित दुईजना – सदस्य

च) घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख वा प्रतिनिधि – सदस्य

छ) खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयका प्रमुख वा प्रतिनिधि – सदस्य

ज) जिल्ला प्रहरी कार्यालयका प्रमुख वा प्रतिनिधि – सदस्य

झ) उपमहानगरपालिकाको बजार निरीक्षण अधिकृत – सदस्य

ञ) सामाजिक विकास महाशाखा प्रमुख - सदस्य सचिव

२) उपदफा (१) बमोजिम गठित समितिको पदावधि तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२२. **समितिका काम कर्तव्य र अधिकारः** १) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) उपभोक्ता हित संरक्षण तथा स्वच्छ बजार व्यवस्थापन सम्बन्धी आवश्यक नीतिगत व्यवस्था गर्ने,

ख) बजारलाई स्वच्छ र प्रतिस्पर्धी बनाउन उपभोक्ताको हक हितमा प्रतिकूल असर पर्ने वा पर्नसक्ने एकाधिकार वा अनुचित व्यापारीक क्रियाकलापको रोकथाम र नियन्त्रण गर्ने वा त्यस सम्बन्धमा कार्ययोजना बनाई लागू गर्ने,

ग) अत्यावश्यक वस्तुको माग र आपूर्तिको अवस्था सम्बन्धी तथ्यांक संकलन गरी माग बमोजिम आपूर्ति व्यवस्था सहज र सुलभ बनाउन आवश्यक कार्य गर्ने,

घ) आपूर्ति व्यवस्थालाई सहज, सुलभ र पहुँच योग्य बनाउन सार्वजनिक संस्था, सहकारी र निजी क्षेत्रलाई प्रोत्साहन गर्ने,

ङ) उपभोग्य वस्तु वा सेवाको अनुगमन गर्नको लागि बजार अनुगमन टोलीलाई निर्देशन गर्ने,

च) उपभोक्ता शिक्षा सम्बन्धी सचेतना र बजार अनुगमनको कार्य योजना तयार गरी लागु गर्ने,

छ) उपभोक्ताको गुनासो तथा सूचना प्राप्त गर्न नगर उपभोक्ता हटलाइन जस्ता सेवा सञ्चालन गरी उपभोक्तालाई उजुरी वा गुनासो गर्न प्रोत्साहन गर्ने,

ज) बजार अनुगमन सम्बन्धी कामको मूल्याङ्कन गरी अनुगमन टोलीलाई आवश्यक निर्देशन गर्ने,

झ) उपमहानगरपालिकाले दिएको अन्य निर्देशन र आदेशको कार्यान्वयन गर्ने गराउने,

ञ) उपभोक्ता हित विपरित भएका कार्यमा आवश्यक कानूनी कारबाहीको लागि निरीक्षण वा अनुसन्धान अधिकृत तोक्ने,

ट) उपमहानगरपालिका क्षेत्र भित्र खपत हुने उपभोग्य वस्तु वा सेवाको माग र आपूर्तिको निरन्तर विश्लेषण तथा समीक्षा गरी माग अनुसारको आपूर्ति व्यवस्थापन गर्ने गराउने,

ठ) वस्तु वा सेवाका उत्पादक, विक्रेता वा वितरकहरुले अवान्छित तरिकाले गरेको मूल्य वृद्धिलाई रोक्न र नियन्त्रण गर्न आवश्यक व्यवस्था गर्ने,

ड) उपभोक्तालाई उचित मूल्य र सहजरुपमा खाद्यान्न लगायतका अन्य दैनिक उपभोग्य वस्तुको आपूर्ति सुनिश्चित गर्न नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्था वा निजी फर्म वा कम्पनीलाई प्रोत्साहन गर्ने,

ढ) कुनै ठाउँ विशेषको लागि कुनै वस्तु वा सेवाको निश्चित अवधिका लागि अधिकतम मौज्दात परिमाण तोक्ने,

ण) उपमहानगरपालिका क्षेत्रभित्र उत्पादित कुनै खाद्यवस्तुको अभाव भएमा त्यस्तो खाद्यवस्तुको निश्चित परिमाण निर्धारण गरी तोकिएको वा उचित मूल्यमा उत्पादक, भण्डारक, आयातकर्ता वा विक्रेताबाट खाद्य वस्तु प्राप्त गरी सर्वसाधारणलाई विक्रि वितरणको व्यवस्था गर्ने,

त) थोक वा खुद्रा व्यवसायलाई ब्यवस्थित गर्न त्यस्ता व्यवसायसँग सम्बन्धित व्यापारिक फर्म वा कम्पनीको नाम, ठेगाना, उपभोग्य वस्तुको मौज्दात लगायत अन्य आवश्यक विवरण खुलाउन लगाई उचित मूल्यमा एकरुपता कायम गर्न आवश्यक व्यवस्था गर्ने,

थ) उपभोक्ताको हक, हित संरक्षण गर्न र आपूर्ति व्यवस्थालाई नियमित गर्नको लागि कुनै उपभोग्य वस्तु वा सेवाको कृत्रिम अभाव हुन नदिन वा सबै ठाउँमा नियमित रुपमा उपभोग्य वस्तुको वितरण गर्न सम्बन्धित निकायहरुसँग समन्वय गर्ने,

द) उपभोग्य वस्तुको विक्रि वितरण प्रणालीलाई नियमित गर्ने र अनुपयुक्त तवरले अभाव सिर्जना गर्ने वा कालोबजारी गर्ने काम वा अनुचित व्यापारिक क्रियाकलापलाई नियन्त्रण गर्ने,

ध) आवश्यकता अनुसार छड्के सुपरिवेक्षण तथा अनुगमन गरी कारबाही गर्ने,

न) आवश्यकता अनुसार  बजार अनुगमन टोली, विषयगत अनुगमन टोली वा संयुक्त बजार अनुगमन टोली गठन गर्ने,

प) उपमहानगरपालिकाको आवश्यकता अनुसार केन्द्रीय, प्रदेशस्तरीय बजार अनुगमन समिति तथा विभिन्न विषयगत अनुगमन समितिहरुलाई बजार अनुगमन गर्न सहजीकरण गरी व्यवस्थित अनुगमन गर्ने वा गराउने,

फ) समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२) समितिले छड्के सुपरिवेक्षण तथा अनुगमन गर्दा यस ऐनको व्यवस्था प्रतिकूल कसैबाट कामकारबाही भएको पाईएमा सुपरिवेक्षण तथा अनुगमन गरिएको फाईल साथ आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा पठाउनुपर्नेछ।

३) सम्बन्धित निकायले पनि सो सम्बन्धमा भएको कामकारबाहीको जानकारी समितिलाई गराउनुपर्नेछ ।

४) समितिले बजार छड्के अनुगमन गर्दा यस ऐन बमोजिम निरीक्षण अधिकृतलाई प्राप्त सम्पूर्ण अधिकार प्रयोग गर्न सक्नेछ ।

**२३. बजार अनुगमन टोलीको गठनः** १) यस ऐन बमोजिम अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप भए नभएको, मूल्य सूची राखे–नराखेको, वस्तु वा सेवाको गुणस्तर मूल्य परिमाणका सम्बन्धमा नियमितरुपमा बजार अनुगमन तथा निरीक्षण गर्न देहाय बमोजिमको उपमहानगरपालिका बजार अनुगमन टोली गठन हुनेछः

| | |
|---|---|
| क) दफा २१ बमोजिमको समितिले तोकेको उपमहानगरपालिकाको कार्यपालिका सदस्य | – संयोजक |
| ख) सामाजिक विकास महाशाखा प्रमुख | - सदस्य |
| ग) जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि | - सदस्य |
| घ) घरेलु तथा साना उद्योग कार्यालयको प्रतिनिधि | - सदस्य |
| ङ) विषयगत कार्यालय वा महाशाखा/शाखाका प्रमुख वा प्रतिनिधि | - सदस्य |
| च) उपभोक्ता हित संरक्षण सम्बन्धी संस्थाहरु मध्येबाट उपमहानगरपालिकाले तोकेको प्रतिनिधि | - सदस्य |
| छ) मकवानपुर उद्योग वाणिज्य संघको प्रतिनिधि एकजना | - सदस्य |
| ज) पत्रकार महासंघ मकवानपुरका प्रतिनिधि एकजना | - सदस्य |
| झ) नगर प्रहरी प्रमुख/इन्चार्ज | - सदस्य |
| ञ) उपमहानगरपालिकाको निरिक्षण अधिकृत | - सदस्य सचिव |

२) उपदफा (१) बमोजिम गठित बजार अनुगमन टोलीले अनुगमन गर्दा यस ऐन बमोजिम निरीक्षण अधिकृतलाई प्राप्त सम्पूर्ण अधिकार प्रयोग गर्न सक्नेछ ।

३) बजार अनुगमन टोलीको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

४) समिति र अनुगमन टोलीको बैठक तथा सेवा शर्त, सुविधा र भत्ता सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५) उपमहानगरपालिकाले प्रत्येक वडामा बजार अनुगमन टोली गठन गर्न सक्नेछ । वडा बजार अनुगमन टोलीको काम कर्तव्य तथा अनुगमन कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ९

## बजार अनुगमन सम्बन्धी व्यवस्था

**२४. बजार अनुगमन गर्नु पर्नेः** १) उपमहानगरपालिकाले उपभोक्ताको हक अधिकार स्थापित गरी बजार व्यवस्थापन गर्न बजारको नियमित अनुगमनको व्यवस्था मिलाउनेछ

२) उपदफा (१) बमोजिम हुने बजार अनुगमन प्रक्रिया र कार्यविधि तोकिए बमोजिम हुनेछ ।

३) अनुगमन कर्ताले अनुगमनका क्रममा प्रदायकसँग तोकिए बमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछ ।

४) अनुगमन सम्बन्धी अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद १०
## निरीक्षण अधिकृत सम्बन्धी व्यवस्था

**२५. निरीक्षण अधिकृत नियुक्तिः** १) उपमहानगरपालिकाले प्रचलित कानून वा यस ऐन वा तोकिए बमोजिमको बजार अनुगमन, अनुसन्धान लगायतका काम गर्न कुनै अधिकृत कर्मचारीलाई निरीक्षण अधिकृतको रुपमा नियुक्ति गर्न सक्नेछ।

२) उपमहानगरपालिकाले आवश्यक देखेमा प्रचलित नेपाल कानूनमा उपभोक्ता संरक्षण ऐन, २०७५ वा प्रदेश व्यापार तथा व्यवसाय ऐन बमोजिमको निरीक्षण अधिकृत वा कुनै अधिकृत कर्मचारीलाई सिफारिस गर्न सक्नेछ ।

**२६. निरीक्षण अधिकृतको काम, कर्तव्य र अधिकारः**(१)निरीक्षण अधिकृतको अन्य काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) उपभोग्य वस्तुको उत्पादन, विक्रि, वितरण गर्ने वा कुनै सेवा प्रदान गरेको ठाउँमा प्रवेश गर्न,

ख) उपभोग्य वस्तुको उत्पादन, विक्रि, वितरण गर्ने वा सेवा प्रदान गर्ने व्यक्तिसँग आवश्यक विवरणमा जानकारी लिने,

ग) उपभोग्य वस्तुको उत्पादन, विक्रि, वितरण गर्ने वा कुनै सेवा प्रदान गर्ने व्यक्तिसँग वा सोसँग सम्बन्धित अन्य व्यक्तिसँग आवश्यक बयान लिने,

घ) कुनै उपभोग्य वस्तुको परीक्षण गर्न आवश्यक देखिएमा आवश्यक पर्ने परिमाणमा नमुना लिई प्रयोगशालामा परीक्षण गर्न लगाउने,

ङ) कुनै उपभोग्य वस्तु वा सेवाको तत्काल उत्पादन, विक्रि, वितरण, वा सेवा प्रदानमा रोक लगाउन आवश्यक देखिएमा रोक लगाउने,

च) कुनै उपभोग्य वस्तुको परीक्षण गर्न आवश्यक देखिएको कारणबाट त्यसको परीक्षणको लागि नमुना लिइएकोमा प्रयोगशालाबाट नमुनाको परीक्षण भई नआएसम्मका लागि त्यस्ता वस्तुको विक्रि वितरण गर्न रोक लगाउने,

छ) निरीक्षण वा जाँचबुझको सिलसिलामा उत्पादक वा बिक्रेतालाई तत्काल कुनै आदेश दिन उपयुक्त देखिएमा सो आदेश दिने,

ज) आवश्यकता अनुसार अनुगमनका क्रममा उत्पादन स्थल, गोदाम र पसलको खानतलासी गर्ने,



नेपाल राजपत्र

झ) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

२७. **निरीक्षण अधिकृतले अपनाउनु पर्ने कार्यविधिः** निरीक्षण अधिकृतले निरीक्षण जाँचबुझ वा खानतलासी गर्दा अपनाउनु पर्ने कार्यविधि प्रचलित कानून बमोजिम वा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ११

## कसुर र सजाय सम्बन्धी व्यवस्था

२८. **कसूर गरेको मानिनेः** कसैले देहायको काम कारबाही गरे गराएमा यस ऐन अन्तर्गतको कसूर गरेको मानिनेछः

क) दफा ६ (१) वा (२) विपरीत दर्ता वा अनुमति नलिई कारोवार संचालन गरेगराएमा ।

ख) दफा ७ बमोजिम नवीकरण नगरी कारोबार सञ्चालन गरे गराएमा ।

ग) दफा ९ बमोजिम गुणस्तर वा मापदण्ड पूरा नगरी कारोबार सञ्चालन गरे गराएमा ।

घ) दफा १० बमोजिम अनुचित व्यापारिक क्रियाकलाप गरे गराएमा ।

ङ) दफा ११ (२) बमोजिम तोकिए भन्दा बढी बजार तह कायम गरी विक्रि वितरण गरे गराएमा ।

च) दफा १२ (५) बमोजिम कसैले पनि कृत्रिम अभावको सिर्जना, जम्माखोरी, कृत्रिम मूल्यवृद्धि र नाफाखोरी जस्ता कार्य गरे गराएमा।

छ) दफा १३ (१) बमोजिम उपमहानगरपालिका क्षेत्रभित्र वस्तु वा सेवाको व्यापार व्यावसाय गर्दा दर्ता वा अनुमति प्राप्त गरेको स्थलमा बाहेक अन्यत्र सेवा सञ्चालन तथा वस्तुको विक्रि वितरण गरे गराएमा ।

ज) दफा १३ (२) बमोजिम प्रदायकले तोकिएको स्थल बाहेक अन्यत्र वा निषेधित क्षेत्रमा सेवा वा वस्तुको विक्रि वितरण गरे गराएमा।

झ) दफा १४ (२) विपरीत बढी मूल्यमा विक्रि गरे गराएमा ।

ञ) दफा १६ (१) बमोजिम प्रदायकले वातावरण स्वच्छ र सफा नराखेमा ।

ट) दफा १७ (२) बमोजिम तोकिएको अधिकतम मूल्यभन्दा बढी हुनेगरी वस्तु वा सेवाको विक्रि गरेगराएमा ।

ठ) दफा १८ बमोजिम मूल्य सूची तथा दर्ता प्रमाण पत्र राख्ने कार्य पूरा नगरेमा ।

ड) दफा १९(१) बमोजिम गुणस्तरहीन वस्तु र सेवाको उत्पादन, पैठारी तथा विक्रिवितरण गरे गराएमा ।

२९. **जरिवाना सम्बन्धी व्यवस्थाः** १) कसैले दफा २८ अन्तर्गत कसुर गरे गराएमा कसुरको मात्रा हेरी निरीक्षण अधिकृतले देहाय बमोजिम जरिवाना गर्न सक्नेछः

क) खण्ड (क), (ग), (ङ) र (ञ) बमोजिमको कसूर गर्ने वा गराउने लाई ५ हजार रुपैयाँ देखि २५ हजार रुपैयाँसम्म।

ख) खण्ड (ख), (छ), (ज), (झ) र (ठ) बमोजिमको कसूर गर्ने वा गराउने लाई २ हजार रुपैयाँ देखि २५ हजार रुपैयाँसम्म ।

ग) खण्ड (घ), (च), (ट) र (ड) बमोजिमको कसूर गर्ने गराउनेलाई १५ हजार रुपैयाँ देखि दुई लाख रुपैयाँसम्म ।

घ) माथि उल्लेखित जरिवाना वापतको रकम कार्यालयको संचित कोषमा आम्दानी गरिनेछ।

२) निरीक्षण अधिकृतले यस दफा बमोजिम जरिवाना गर्नुपर्ने कारण र जरिवाना गरेको रकम लगायतको सम्पूर्ण विवरण खुलाई तीन दिनभित्र बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिलाई जानकारी गराउनुपर्नेछ ।

३) उपदफा (१) बमोजिम जरिवाना गर्ने गरी निर्णय भएको मितिले ७ दिनभित्र सो जरिवाना नतिर्ने नबुझाउने प्रदायक विरुद्ध निरीक्षण अधिकृतले देहायको कार्य गर्न सक्नेछः

क) जरीवाना भएको रकम नबुझाए सम्म त्यस्तो वस्तु वा सेवा सिलबन्दी गरेर राख्ने।

ख) जरीवाना भएको रकम नबुझाए सम्म त्यस्तो वस्तु वा सेवाको उत्पादन ढुवानी पैठारी वा विक्रि गर्ने अन्य वस्तु समेत रोक्का राख्ने।

४) यस दफा बमोजिम निरीक्षण अधिकृतले गरेको निर्णय उपर चित्त नबुझेमा निर्णय भएको मितिले १५ दिनभित्र सम्बन्धित जिल्ला अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ ।

५) अन्य दफाहरुमा जुनसुकै लेखिएपनि यस ऐन बमोजिम बजार अनुगमनका क्रममा गम्भीर प्रकृतिको कसुरमा बाहेक सामान्य प्रकृतिका कसूरमा वा कमजोरीलाई कसुरदारले कसूर स्वीकार गरी सुधार गर्ने प्रतिबद्धता जनाएको अवस्थामा बजार अनुगमन टोली वा बजार निरीक्षण अधिकृतले एउटा प्रदायकलाई फरक फरक प्रकृतिको कसूरमा बढीमा दुई पटकसम्म सुधार गर्ने मौका प्रदान गरी कारबाही स्थगित गर्न सक्नेछ ।

**३०. सजाय सम्बन्धी अन्य व्यवस्थाः** १) दफा २९ मा उल्लेखित जरिवाना सम्बन्धी व्यवस्था बाहेकको कसुरमा प्रचलित नेपाल कानून बमोजिम सजाय हुनेछ ।

२) यस ऐन बमोजिम गरिएको जरिवानाले प्रचलित कानून बमोजिम सजाय गर्न बाधा पुर्‍याएको मानिने छैन ।

## परिच्छेद १२
## उजुरी सम्बन्धी व्यवस्था

**३१. उजुरी दिनसक्नेः** १) यस ऐन वा यस ऐन अन्तर्गतको नियम विपरित कुनै प्रदायकले कुनै कसूर गरेको पाइएमा हेटौंडा उपमहानगरपलिका नगरकार्यपालिकाको कार्यालय, उपमहानगरपालिका बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समिति, बजार अनुगमन टोली वा निरीक्षण अधिकृत समक्ष उजुरी दिन सक्नेछ ।

२) उपदफा (१) बमोजिमको निकाय वा अधिकारीले उजुरी वा सार्वजनिक सञ्चार माध्यमबाट प्राप्त सूचनालाई उजुरीको रुपमा ग्रहण गर्न सक्नेछ ।

३) उपदफा (१) वा (२) बमोजिम प्राप्त उजुरी वा सूचना वा अन्य कुनै सरकारी निकायबाट अनुगमनको लागि लेखी आएमा समिति वा बजार अनुगमन टोलीले एक आपसमा समन्वय गरी अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

४) उपदफा (३) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा प्रदायकले यस ऐनको विपरित व्यापारिक क्रियाकलाप गरेको पाइएमा तत्काल कारबाही चलाइनेछ ।

**३२. सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखी पठाउन सक्नेः** १) यस ऐन बमोजिमको अनुगमन वा उजुरीबाट प्रचलित कानून बमोजिम कुनै कसूर भएको वा भइरहेको वा हुन सक्ने सम्भावना समिति वा अनुगमन टोली वा निरीक्षण अधिकृतले देखेमा सम्बन्धित निकाय वा अधिकारी समक्ष छानविन र अनुसन्धानको लागि लेखी पठाउन सक्नेछ ।

२) उपदफा १ बमोजिम सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखि पठाएको विषयमा सम्बन्धित व्यक्तिले जानकारी माग गरेमा समिति, अनुगमन टोली वा निरिक्षण अधिकृतले जानकारी गराउनुपर्नेछ।

**३३. सूचना दिने अनुगमन तथा अनुसन्धान काममा सहयोग गर्नेलाई पुरस्कृत तथा प्रोत्साहन गर्नेः** १) यस ऐन बमोजिमको कसूरमा सूचना दिने तथा अनुसन्धानको काममा सहयोग गर्ने व्यक्तिलाई कसूरदारबाट असुल भएको जरीवानाको वढिमा १५ प्रतिशत रकम सम्म त्यस्तो व्यक्ति वा संस्थालाई पुरस्कार दिन सकिनेछ ।

२) यस दफा बमोजिम सूचना दिने व्यक्तिले चाहेमा नाम, ठेगाना तथा निज बाट प्राप्त भएको सूचना सम्बन्धी विवरण गोप्य राखिनेछ।

## परिच्छेद १३
## विविध

**३४. समितिको कार्यक्रम तथा बजेटः** १) उपमहानगरपालिकाले बजार व्यवस्थापन अनुगमन तथा उपभोक्ता सचेतना अभिवृद्धिको लागि वार्षिक कार्यक्रम र बजेट विनियोजन गर्नेछ।

२) नेपाल सरकार तथा प्रदेश सरकारबाट बजार अनुगमन, व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण सचेतनाको लागि अनुदान प्राप्त भएमा उपदफा (१) बमोजिमको कार्यक्रममा समावेश गर्ने छ ।

हेटौंडा राजपत्र

३) उपमहानगरपालिकाले बजार व्यवस्थापन, अनुगमन तथा उपभोक्ता सचेतना अभिवृद्धिको लागि नेपाल सरकार, प्रदेश सरकार, सहकारी, निजी क्षेत्र, उपभोक्ता हित संरक्षण सँग सम्बन्धित संघसंस्थासँग साझेदारी कार्यक्रम संचालन गर्न सक्नेछ।

**३५. स्थानीय प्रशासन मार्फत आवश्यक सुरक्षा माग गर्न सक्नेः** बजार अनुगमनका क्रममा आवश्यक सुरक्षा जरुरी भएमा स्थानीय प्रशासनसँग माग गर्न सकिनेछ ।

**३६. प्रतिस्थापनः** यस ऐनले हेटौंडा उपमहानगरपालिका स्थानीय बजार व्यवस्थापन ऐन, २०७६ प्रतिस्थापन गरेको छ।

**३७. ऐन संशोधनः** आवश्यकता, प्राथमिकता एवम् सन्दर्भलाई समेत मध्यनजर गरी हेटौंडा उपमहानगरपालिका नगर सभाले प्रचलित कानूनसँग नबाझिने गरी यस ऐनमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ ।

**३८. नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्नसक्नेः** यस ऐनलाई कार्यान्वयन गर्न उपमहानगरपालिकाले आवश्यक नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

प्रमाणीकरण मिति २०७८/११/०२

**आज्ञाले,**
**शिवराज चौलागाई**
**प्रमुख प्रशासकीय अधिकृत**

हेटौंडा राजपत्र